विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १६७ ♦ २०८० साल फागुन २६ गते शनिवार ♦ 9 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com


# पाँच वर्षे कार्यकाल अख्तियारको जवाफ लेख्दालेख्दै बित्ने भयो : मधेशका जनप्रतिनिधि





**खबर दर्पण समाचारदाता**

**फागुन २५ गते, महेन्द्रनगर**

मधेश प्रदेशका जनप्रतिनिधिहरूले आफूहरूको पाँच वर्षे कार्यकाल अख्तियार लाई जवाफ लेखेर बित्ने अवस्था बनेको बताएका छन् । अख्तियार को कारबाहीको भयले मधेश प्रदेशको स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत जानै नमान्ने भएपछि विकासका काम अघि बढ्न नसकेको गुनासो उनीहरुले गरे ।

'यही परिस्थिति रहेमा जनप्रतिनिधिले विकासका कुनै पनि काम गर्न सक्दैनन्,' उनीहरुले भने । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिया कार्यालयका अधिकारी हरुसँग बिहीबार बर्दिवासमा भएको छलफलमा मधेश प्रदेशका स्थानीय तहका मेयर /उपमेयर र अध्यक्ष/उपाध्यक्ष सहितका सय जना भन्दा बढी सहभागीले जनप्रतिनिधिले एउटै स्वरमा यस्तो पीडा र आक्रोस पोखे ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(पीएलजीएसपीको समन्वयमा गाउँपालिका राष्ट्रिय महासंघले आयोजना गरेको छलफलमा अख्तियारको प्रस्तुति सुनेर जनप्रतिनिधिहरुले एक स्वर ले भने,'कामै नगरेको योजनाको विषयमासमेत परेको उजुरी जवाफ लेखेर हैरान भइएको छ ।' उनीहरूले अख्तियारका कारण झमेलामा परिने भयले प्रमुख प्रशासकीय अधिकृतले निर्णयमा कलम चोप्न छाडेको गुनासो गरे ।

बारागढी गाउँपालिका बाराका अध्यक्ष अशोककुमार जयसवालले योजना सञ्चालन नै नभई अख्तियारको पत्र आउने गरेको उदाहरण दिँदै यस्तो अवस्थामा कसरी काम गर्ने भन्दै आक्रोस पोखे । उनले आफ्नो कार्यालयले टेण्डर गरेर फर्निचर खरिदको निर्णय गरेको तर सामान आइनपुग्दै उजुरी परेको बताए ।

'ठेकेदारले सामान ल्याएकै छैन । तर त्यही भ्रष्टाचार भएको उजुरीका आधारमा अख्तियार को पत्र आइसकेको छ,' उनले भने । पालिकाका जनप्रतिनिधिहरुले संघीय मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत खोज्न आफैंलाई आह्राउने गरेको भन्दै कर्मचारीको अभावमा कार्यसम्पादन गर्न कठिन भएको बताए । विशेषत: मधेश प्रदेशमा धेरै पालिकाको प्रमुख प्रशासकीय अधिकृत निमित्त छन् । नयाँ आउने प्रमुख प्रशासकीय अधिकृतले पनि बरु सरुवा भएर जाने तर निर्णयमा हस्ताक्षर नगर्ने प्रवृत्ति बढेको पालिका प्रमुखहरु बताउँछन् ।

अख्तियार कार्यालयले आफ्नो कार्य क्षेत्रको मधेश प्रदेशको सिरहा, धनुषा, सर्लाही, महोत्तरी, बाग्मतीको सिन्धुली र रामेछाप तथा कोशी प्रदेशको सोलुखुम्बु, ओखलढुंगा र खोटाङको ९ जिल्लाका स्थानीय तहको उजुरीको विवरण प्रस्तुत गरेको थियो ।

अख्तियारले उल्लेखित जिल्लाको स्थानीय तहको २ हजार ७२ वटा उजुरी परेकोमा १ हजार ३२ वटा फार्स्यौट भएको जानकारी गराएको थियो । बाँकी १ हजार ४० वटा उजुरीमाथि अनुसन्धान भइरहेको जानकारी गराइएको थियो । यीमध्ये सबैभन्दा धेरै मधेश प्रदेशको चार जिल्लाको उजुरी अधिक रहेको जानकारी अख्तियारका अधिकृत विकासकुमार मिश्रले गराए । मधेश प्रदेशमा मात्र १ सय ३६ वटा नगरपालिका र गाउँपालिका छ । अधिकांश जनप्रतिनिधिले बेनामी उजुरीका कारण आफूहरुको बदनामी भएको, विकास निर्माण रोकिएको र कर्मचारीलाई कामै लगाउन नसकिने अवस्था बनेको धारणा अघि सारे ।

जनप्रतिनिधिहरुले अख्तियारको चिठ्ठी आतंकले सीमा नाघेको भन्दै बेनामी उजुरीका आधार मा पालिकालाई आएको पत्रको जवाफ लेख्नै लागि एक जना कर्मचारी खटाउनुपर्ने अवस्था बनको बताए । कार्यक्रममा अख्तियार दुरुपयोग बर्दिया कार्यालयका अधिकारीहरुले मधेशका स्थानीय तहको

*बाँकी पृष्ठ २ मा*


सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

## शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी


✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# पाँच वर्षे कार्यकाल अख्तियारको जवाफ.............

उजुरी धेरै संख्यामा परेको जानकारी गराएपछि जनप्रतिनिधिहरुले बेनामी उजुरीको भरमा कारबाही अघि बढाउँदा वर्षौंदेखिका अरबौंका विकास योजना अलपत्र परेको तथ्यांक पेस गरे ।

पालिकामा पशु, स्वास्थ्य र कृषि क्षेत्रका कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाएर काम चलाउने गरेको दुखेसो गरे । कामचालाउ कर्मचारीले गरेको योजना र कार्यक्रमहरु कहिँ न कहिँ त्रुटी हुनसक्ने तर्क उनीहरुको रहेको छ । अग्निसाइर कृष्णासवर गाउँपालिकाकी उपाध्यक्ष कल्पना चौधरीले व्यंग गर्दै अख्तियारलाई पालिकै पिच्छे कार्यालय स्थापना गरेर जनप्रतिनिधिले के गर्ने ? के नगर्ने ? तोक्न आग्रह गरिन् । उनले अख्तियारले तोकेको विकास मात्र आफूले ढुक्क भएर गर्ने बताइन् । जयसवाल र चौधरी मात्र होइन सबैजसो सहभागीहरु अखितयारका कर्मचारीमाथि खनिएर भने, 'बरु प्रशासकीय अधिकृत अख्तियार ले नै पठाओस् । हामी उनीहरुले जे भन्छन् त्यही गर्छौं ।'

विष्णु गाउँपालिका सर्लाहीका अध्यक्ष जवाहरलाल यादवले भने, संघ सरकारले प्रमुख प्रशासकीय अधिकृत नपाएपछि आयुर्वेदकको कर्मचारीले चलाएको पालिकामा प्राविधिक त्रुटी हुनु स्वभाविक भएको बताए । गाउँपालिका राष्ट्रिय महासंघ मधेश प्रदेशका अध्यक्षसमेत रहेको यादवले प्रमाणित नहुने उजुरीको जवाफ लेख्दालेख्दै जनप्रतिनिधिले आफ्नो कार्यकाल पूर गनुपर्ने परिस्थिति सिर्जना भएको बताए । अख्तियार ले पत्र लेखेका कारण करोडौं रुपैंयाँ लगानी गरेर निर्माण भइ रहेको धेरै काम अलपत्र परेको उनले बताए ।

नरहा गाउँपालिकाका अध्यक्ष रामप्रमोद यादवले अख्तियारको तनावका कारण सवैको गाली खानुपरेको बताए । जनताको कुरा सुन्ने नजिकको स्थानीय सरकार नै पालिका भएपनि अधिकारको अभाव र निर्णय प्रक्रियामा लगाव लगाएका कारण आफूहरु निरीह भएको उनले गुनासो पोखे । अख्तियार को पत्र आएपछि सबैजस्तो स्थानीय तहमा करोडौंका योजना अघि बढ्न नसकेको भन्दै उनले बेनामी उजुरी नलिन अख्तियरलाई आग्रह गरे । उनले भने, 'सबै काम सबै सत्य छ भन्ने होइन गलत भए कार्बाही गर्नुपर्छ । तर जसरी उजुरीको चाङ लगाइएको छ त्यो गलत छ ।'

अख्तियारको अधिकारीहरुले भने ऐनमा बेनामी उजुरीको व्यवस्था गरेकाले त्यसको कार्यान्वयन गर्नु आफूहरुको कर्तव्य भएको बताए । बेनामी उजुरीमाथि छानबिन नगर्न कानुन नै परिवर्तन गर्नुपर्ने बाध्यता रहेको अख्तियारको भनाई रहेको छ । गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले सिंहदरबारका सिंहहरुले पनि स्थानीय तहका भ्रष्टाचारको चाङ देखाउने गरेको बताइन् । स्थानीय तह जनताको नजिकको सरकार भएको बताउँदै यसलाई बदनाम गराएर संघीयता बलियो नहुने उनले बताइन् ।

अख्तियारका अनुसार स्थानीय तहले सार्वजनिक खरिद टुर्क्याएर टेण्डर गरेको, । गलत मनसाय राखेर निश्चित व्यक्तिलाई फाइदा हुनेगरी 'स्पेसिफिकेशन' बनाउने गरेको, आवश्यक भन्दा धेरै सामाग्री खरिद गरेको, जिन्सी दाखिला नगरी खदिर गरेको मात्र देखाएको, गुणस्तरहिन निर्माण संरचना बनाएको, डिपीआर बनाएर थन्क्याउने गरेको जस्ता शीर्षकहरु धेरै उजुरी दर्ता भएको जानकारी अख्तियारले दिएको छ ।

अख्तियार बर्दिया कार्यालयलको विवरणमा पालिकाले कर्मचारीको नियुक्तिमा मिलेमतो गरेको, अनावश्यक रुपमा तालिम शीर्षकमा रकम खर्च गरेर भत्ता मात्र बाँडेको, सार्वनिक जग्गा अतिक्रमण गर ेको, शिक्षक नियुक्तिमा नक्कली लाइसेन्स प्रयोग गरेको, एउटाले गरेको कामको बील धरै जनाले बनाएर भुक्तानी लिने गर ेकोलगायतका विषयमा बढी उजुरी परेको उल्लेख छ ।

गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरेलकाअनुसार स्थानीय तहमा देखिएका बेरुजु, वित्त हस्तान्तरण, लेखा प्रणालीलगायतका शीर्षकमा उठेका प्रश्नहरुको समाधान खोज्न संवैधानिक निकाय, आयोग र सरकारी संयन्त्रबीच आपसी छलफल गराइएको हो ।

उनले भने, 'एकआपसमा गर्न सकिने सहयोगका विषयमा छलफल गरेर सुझाव संकलन गर्ने र कानुनी व्यवस्थाको जानकारी गराउने मुख्य उद्देश्य राखेर जनप्रतिनिधिहरुलाई एकै थालोमा भेला गराइएको हो ।' विराटनगर, जनकपुर र बर्दिवासमा छुट्टाछुट्टै कार्यक्रममार्फत संवैधानिक आयोगहरुसँग छलफल गरिएको हो । अख्तियार, प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षक, महालेखा नियन्त्रकको कार्यालयलसँग स्थानीय तहका जनप्रतिनिधि र सम्बन्धित क्षेत्रका विज्ञहरुबीच छलफल भएको थियो । अर्थ मन्त्रालयले अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धि ऐन २०७४ परिर्वनको गर्ने तयारी गरेकाले त्यसका लागि सुझाव संकलन गरिएको छ ।

स्थानीय तहका जनप्रतिनिधिले वित्त व्यवस्थापन कानुन पालिकाहरुमा रकम पठाउन बाधक बनेको भन्दै सुधारका लागि सुझाव संकलन गरिएको छ । संविधानमा राजस्व बाँडफाँड र समानीकरण अनुदान बढाउँदै लैजानुपर्ने विषयमा प्रष्ट व्यवस्था गरेपनि ऐन बनाएर स्थानीय तहलाई पठाउने रकम परिणाम खुम्च्याएको जनप्रतिनिधिको गुनासो रहेको छ । महासंघकी अध्यक्ष पाण्डेले संविधानले व्यवस्था गरेबमोजिम स्थानीय तहले विविध शीर्षकमा पाउने अनुदान रकम बढाउनुपर्ने माग गरिन् । उनले संघ सरकारले स्थानीय तहलाई काम हस्तान्तरण गरेपनि बजेट पठाउन भने कानुन नै बनाएर रोकेको बताइन् ।-कान्तिपुर


## आगलागि भएमा सम्पर्क गरौं

**जनकपुरधाम उप महानगरपालिकाको अकास्मिक सेवा वारुण यन्त्र शाखाको सम्पर्क नम्बर ९८५४०२००४ र ०४१-५२००११ मा आगलागी भएका सम्पर्क गर्न हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।**

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन**- समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विविध कार्यक्रम गरी अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो

**खबर दर्पण समाचारदाता**

**फागुन २५ गते, बर्दिवास**

बर्दिबासमा विविध कार्यक्रम गरी अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको छ । बर्दिबास नगर पालिकाको आयोजनामा शुक्रबार यहाँ एक सय १४ औं अन्तर्राष्ट्रिय महिला दिवस दिवस मनाइएको हो ।

सन् १९१० मार्च ८ मा विश्वका केही प्रबुद्ध महिलाले आफ्नो हक अधिकारका लागि सङ्गठित भएर आन्दोलन सुरु गरेको दिनको सम्झनामा हरेक वर्ष मार्च ८ लाई विश्वभर नारी दिवसकारुपमा मनाउन थालिएको हो । दिवसका अवसर मा 'महिलामा लगानी सभ्य र समुन्नत समाजको थालनी', 'नारी समस्या समाधानमा ऐक्यबद्ध होऔं जस्ता प्लेकार्डसहित शुक्रवार बिहान बर्दिबास नगर कार्यालय परिसरबाट निस्किएको प्रभात फेरीले नगर परिक्रमा गरेको थियो । प्रभातफेरिमा महिला जनप्रतिनिधिहरू, नगर कर्मचारी, महिला प्रहरी सेल लगायत महिलासम्वद्ध सङ्घ संस्थाको सहभागिता थियो ।

नगर परिक्रमापछि बर्दिबास १ सिन्धुली चोकमा पुगेर परिणत भएको कोणसभालाई सम्बोधन गर्दै नारीका हक अधिकार तथा सुरक्षा प्रत्याभूतिका लागि आवाज उठाएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै नगर उपप्रमुख तारादेवी महतोले सामाजिक कलङ्क बनेको बढ्दो महिला हिंसाले सुरक्षा चुनौती थपिएको बताउनुभयो । गर्भमै छोरीको हत्या, अशिक्षा, बालविवाह, दाइजो, बलात्कार, घरेलु हिंसा जस्ता महिला विरुद्ध हुने त्रासदी नियन्त्रण नभएसम्म समाजले अग्रगति लिन नसकने धारणा राख्नुभयो ।

"महिलामाथि हुने हिंसा समुन्नत समाजका लागि वाधकसमेत भएकोले यसलाई अन्त्य नगरे महिलाले समान अवसर र अधिकार पाउन सक्दैनन्," उहाँले भन्नुभयो । बर्दिबास वडा नं ६ की महिला सदस्य युवत कुमारीले विकाशको सहयात्रिकोरुपमा रहेका महिलाको प्रत्येक क्षेत्रमा समान सहभागिता आवश्यक रहेको जिकिर गर्नुभयो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशीले सरकारी नीति, कार्यक्रम र कार्ययोजनामा




महिलाको अधिकतम सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याउँदै महिलाहरूले आफ्ना हक अधिकारका लागि आवाज उठाउनुका साथै कर्तव्य पालनामा पनि चुक्न नहुने धारणा राख्नुभयो ।

नगरपालिकाकी महिला विकाश निरीक्षक सीता अधिकारीका अनुसार सबै उमेर समूहका गरी बर्दिबासमा ४० हजार महिला रहेकोमा स्थानीय तहमा करिब ३९ प्रतिशत महिलाको सहभागिता रहेको जनाउनुभयो ।


## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्वारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

तपसील

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल**

**सिट संख्या : २ जना (स्नातक तह)**

**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**

**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**

वर्दिवास, महोत्तरी

सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५











**बर्दिवास नगरपालिका, महोत्तरी**






**स्वास्थ्य कार्यालय, धनुषा**

**जनकपुरधाम**

# नेपाल विद्यार्थी मगर संघको राष्ट्रिय विस्तारित भेला बर्दिवासमा सुरु




**खबर दर्पण समाचारदाता**
**फागुन २५ गते, बर्दिवास**

नेपाल मगर विद्यार्थी संघ केन्द्रिय समितिको १२ औ राष्ट्रिय विस्तारित भेला बर्दिवासमा सुरु भएको छ ।

सम्पूर्ण नेपालीका लागि वैज्ञानिक, व्यवहारिक र समावेशी संघिय सिक्षा, आदिवासी विश्वविद्यालय स्थापनार्थ उक्त भेला सुरु भएको केन्द्रिय समितिले जनाएको छ। २६ र २७ गते हुने भेलाले पहिचानको बिषयमा समेत छलफल र अन्तरक्रिया गर्ने केन्द्रिय अध्यक्ष चित्र वहादुर पुलामीमगरले जानकारी दिए। अहिले बिश्वविद्यालयले नेपाली मौलिकतालाई बिर्स्याउने बिदेशी सिक्षालाई अवलम्बन गरेको वताउदै ३७ प्रतिशत आदिवासी, जनजातिको भाषाको विश्वविद्यालय स्थपना गर्न राज्य तयार हुनुपर्ने अध्यक्ष पुलामीमगरको भनाई छ ।

उपसभामुख इन्दिरा रानामगर को प्रमुख आथितित्वमा हुने भेलामा देशैभरीवाट झण्डै १ हजार प्रतिनिधि भेला हुने आकलन गरिएको छ ।

कार्यक्रमको पुर्वसन्ध्यामा सांस्कृतिक ऱ्याली सहितको झाकि पर्दसन, उदघाटन भब्य समारोह, प्रशिक्षणात्मक अन्तर क्रिया, स्थापना दिवसको अवसर मा विश्वविद्यालय स्थापनाको बहस र बन्दसत्रको कार्यसुची र हेको विद्यार्थी संघ केन्द्रिय समितिले जनाएको छ ।

गोरखाको लिगलिगकोटमा मगर राजा मान सिंह खडक मगर लाई षड्यन्त्रपुर्वक हत्या गरि राज्य सत्ता खोसिएसगैं मगर राज्यको इतिहास समाप्त भएको वताउदै मगरात स्वायत्त राज्यको बिषयमा समेत बहस पारम्भ गरिने उपाध्यक्ष बिष्णु वहादुर पुलामीमगरले वताए । भेलामा १ बर्षदेखी भएका कामहरुको समीक्षा गरिने छ भने आगामी माहाअधिबेशन समेत निर्धारण गरिने वताईएको छ ।

२०७८ सालको जनगणना अनुसार आदिवासी जनजाती मध्ये सबैभन्दा बढी जनसंख्या मगर समुदायको नै देखिएको छ । पछिल्लो तथ्यांकअनुसार २० लाख ४१ हजार ५ सय ७८ जनसंख्या मगरको नै रहेको छ ।

भेलाको अर्को उदेश्य यही जनसंख्या भित्र बोलिने तीन भाषा मध्ये लोपोन्मुख अवस्थामा रहेको ढुट, खाम र काईके भाषाको संरक्षण गर्नुपनि रहेको आयोजक पक्षको भनाई छ ।

# जनकपुरधाम सहित देशभर महाशिव-रात्रि पर्व धुमधामकासाथ मनाइयो



**खबर दर्पण समाचारदाता**
**फागुन २५ गते, महेन्द्रनगर**

आराध्यदेव भगवान शिवको विधिपूर्वक पूजा-आराधना गरी जनकपुरधाम सहित देशभर शुक्रवार महाशिवरात्रि पर्व धुमधामकासाथ मनाइँदैछ। आज बिहानैदेखि शिवालयमा पुजाआजाका लागि भक्तजनहरुको भीड लागेको छ ।

वैदिक सनातन हिन्दू धर्मावलम्बी आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्दछन् ।

फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहराकित्र, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराणलगायतका ग्रन्थमा उल्लेखित छ ।

फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ ।

माघ महीनामा महादेवको रुद्रत्व अर्थात जगतलाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व जगतको कल्याण गर्ने तत्वले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ ।

व्रतमध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन् ।

यस पर्वका दिन उपवास गरि रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ ।

आजको दिन भगवान महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठ-मन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ ।

धनुषा जनकपुरधाम शिव मन्दिर, कपिलेश्वरनाथ महावेदव, क्षीरेश्वरनाथ महादेव, बटेश्वर स्थित बटेश्वरनाथ, भुवनेश्वर नाथ महादेव, महोत्तरीको जलेश्वरनाथ, टुटेश्वरनाथ लगायत शिवालयहरुमा बिहानैदेखि भक्तजनको भीड लागेको छ ।







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा